**समाबेशी ग्रामीण विकास परियोजनानवलपरासी**

# धानको मुल बीउ खरिदका लागि सिलबन्दी दरभाउ पत्र आह्वान

## Terms of Reference (TOR)

**परिचय :**

कोईका नेपालको आर्थिक सहयोग तथा गुड नेवर्स इन्टरनेशनलको प्राविधिक सहयोगमा सहमतिद्वारा सञ्चालित नवलपरासी बर्दघाट सुस्तापूर्व-पश्चिम का १३ वडाहरु (मध्यविन्दु न.पा ६, ७, ८ र ९,सुस्ता गा.पा २ र ३, प्रतापपुर गा.पा ६ र ८, सरावल गा.पा७, पाल्हिनन्दन गा.पा ६ र सुनवल न. पा २, ५ र ९)मा कृषकहरुको आयश्रोत बृद्धि गरी जीवन स्तर सुधार ल्याउनका निम्ति जुलाई २०१९ देखि समाबेशी ग्रामीण विकास परियोजना नवलपरासी अर्न्तगत २६ वटा स्थानीयद्वारा पहलगरिएको परियोजनाहरु संचालन भईरहेको छ । स्थानियद्धारा पहलगरिएका परियोजनाहरु मूख्यतय चार वटा क्षेत्रहरु (व्यवसायिक कृषि उत्पादन, व्यवसायिक पशुजन्य उत्पादन, आर्थिक तथा भौतिक पूर्वधार विकास र युवा तथा महिला सीप विकास) मा केन्द्रित रहेका छन् ।

व्यवसायिक कृषि उत्पादनको क्षेत्र मध्ये सुस्ता वडा नं. २ मा सञ्चालित बीउ उत्पादन तथा प्रबर्धन परियोजनामा सहकारी मार्फत ३ वटा समूहहरुमा धानको बीउ उत्पादन कृषकहरुकै सहभागितामा उत्पादन, प्रबर्धन तथा बजारीकरण गर्ने लक्ष्य रहेको छ । परियोजनाले कार्यक्षेत्रका ईच्छुक कृषक समूहहरुका लागि धानका् मुल बीउ खरिद गरि सहयोग गर्ने लक्ष्य रहेकाले बीउ उत्पादनका लागि नेपाल सरकारवाट इजाजत प्राप्ते इच्छुक फर्म, सप्लायर्स, कम्पनी तथा सेवा प्रदायकहरुको निम्नशर्तहरुको अधीनमा रहि तोकिएको म्यादभित्र पेश गर्ने गरि सिलबन्दी बोलपत्र आह्वान गरिन्छ ।

**शर्तहरु :**

१। नेपाल सरकारबाट इजाजत प्राप्त तथा सम्बन्धित क्षेत्रमा अनुभव भएका निजी/सावर्जनिक फर्म तथा संस्थाले यो बोलपत्रको लागि योग्य हुनेछ ।

२। अनुसूची १ मा भएका धानको मुल बीउको गुणस्तर, जात र परिमाण सम्बन्धी विस्तृत विवरण खुलाई प्रतिइकाई दररेट पेश गर्नुपर्ने छ ।

३। आपूर्तिकर्ताले सुस्ता गाउ पालिका वडा न. २ मा सम्म धानको बीउ ढुवानी सेवा दिनु पर्ने छ ।

४। कम्पनी/फर्म/अधिकृत बिक्रेताले मिति २०७८ चैत्र १८ गते बोलपत्र पेश गर्नु पर्ने छ । म्याद नाघी वा रीत नपुगी दाखिला भएको बोलपत्र उपर कुनै कार्वाही हुने छैन ।

५। बोलपत्रदर्ता गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा सो को लगत्तै कार्यालय खुलेका दिन उपरोक्त बमोजिमका समयमा नै बोलपत्र दर्ता गर्न सकिनेछ ।

६। बोलपत्र कागजातको मूल्यअंकित सूचीमा उल्लेख गरेको दररेट अंक र अक्षरमा स्पष्ट लेखिएको हुनु पर्नेछ, केरमेट भएको हुनु हुँदैन । कथंकदाचित् अंक र अक्षरमा फरक देखिएमा अक्षरलाई मान्यता दिइनेछ । कुनै शर्त राखेको वा दररेट सम्बन्धि अधुरो रहेको बोलपत्र स्वतः रद्द हुनेछ ।

७। आवश्यक परेको खण्डमा कम्पनी/फर्म/अधिकृत बिक्रेतालाई प्रस्ताव मञ्जुर गर्नु भन्दा अगाडि संशोधन गर्न भन्न सकिनेछ ।

८। छनौट भएको कम्पनी/फर्म/अधिकृत बिक्रेतासँग वार्षिक सम्झौता गरिनेछ ।

९। बोलपत्रको सम्पूर्ण कागजातमा प्रोप्राईटर वा अख्तियार प्राप्त व्यक्तिले सही गरी कम्पनीको छाप लगाएको हुनुपर्नेछ।

१०। **पेश गर्नुपर्ने आवश्यक कागजातहरू :**

क. विस्तृत र स्पष्ट रूपमा दररेट उल्लेखित अनुसूचीमा उपलब्ध फारम

ख. फर्म दर्ताको प्रमाणपत्र तथा नवीकरणको प्रतिलिपि

ग. पान तथा मूल्य अभिवृद्धि कर दर्ता तथा पछिल्लो आर्थिक वर्षको चुक्ता कर प्रमाणपत्रको प्रतिलिपि

घ. बोलपत्र बुझाएको निबेदन

ङ बीउको प्रयोगशाला जाँचको आधिकारिक प्रमाणपत्रको प्रतिलिपि

११। **आवश्यक धानको मुल बीउ र परिमाण**

| क्र.स. | धनको मुल बीउको जात | इकाई | लगाईने क्षेत्रफल | अनुमानित आवश्यक परिमाण | कैफियत |
|---|---|---|---|---|---|
| १ | सावाँ सव-१ | किलो | १२६० | २५२० किलो | मुल बिउ |
| २ | राधा-४ | किलो | २९८ | ५९६ किलो | मुल बिउ |

नोटः कृषकको माग बमोजिम आवश्यक परिमाण थपघट हुन सक्ने छ ।

१२। गुणस्तरिय धानको मुल बीउमा तपशिलमा उल्लेखित गुणहरु भएको हुनुपर्नेछ :

क) बीउको शुद्धता/ बीउमा मुलभूत जातीय गुण भएको /बीउमा अन्य जात र अन्य बालीको बीउ मिसिएको हुनुहुदैन ।

ख) बीउमा उच्च उमारशक्ति, उमारशक्ति र उच्च अंङ्कुरण क्षमता भएको हुनुपर्नेछ ।

ग) बीउजन्य रोग तथा कीरावाट बीउ पूर्णतया मुक्त हुनुपर्नेछ ।

घ) बीउमा उमारशक्ति सँगै उच्च बृद्धिदर र विकास क्षमता भएको ।

ङ) बीउलाई हेर्दा कुनै पनि प्रकारका दाग, धब्वा र कमजोरी देखा नपर्नुका साथै बीउ स्वस्थ र चम्किलो हुनुपर्नेछ ।

च) सबै बीउ एकै आकार र तौलको हुनु पर्नेछ । जसले गर्दा सजिलै सँगै बीउ छर्दा एकैनासको विरुवा उमार्न सकियोस ।

छ) सरकारी स्तरवाट तोकिएको बीउमा हुनुपर्ने उचित चिस्यान कायम भएको

१३। छनोट भएको बोलपत्रदाताले सम्झौता गर्नु अगावै कुल खरिद गरिने रकमको ५ प्रतिशत रकम बैकं ग्यारेन्टी परियोजनालाई उपलब्ध गराउनु पर्नेछ ।

१४। उत्पादित धानको बीउ कृषकबाट खरिद गर्न इन्छुक सप्लायर्सलाई प्राथमिकता दिइने छ ।

१५. बोलपत्र छनौट गर्ने वा नगर्ने सम्पूर्ण अधिकार सम्बन्धित संस्थाहरुमा निहित हुनेछ ।

उल्लेखित दरभाउ पत्र सिलबन्दी खाममा " **धानको मुल बीउ** " लेखी मिति २०७८/१२/१८ गते तदनुसार April 1st, 2022 बेलुका ५:०० बजेभित्र समावेशी ग्रामीण विकास परियोजना कार्यालय, शिवालय टोल वर्दघाट ४ नवलपरासी सहमति वा केन्द्रियकार्यालय, गैंडाकोट ५, नवलपरासी वा गुड नेवर्स इन्टरनेशनल नेपालको केन्द्रिय कार्यालय एकान्तकुना ललितपुरमा वा हुलाक/कुरियर मार्फत बुझाउन सकिनेछ ।

सामाग्रीहरुको विवरण र परिमाण TOR/Bidding documents सम्बन्धित संस्थाको कार्यालयको ईमेल : procurement@sahamati.org वा संस्थाको वेभसाइटः http://gninepal.org/work-with-us/notice/बाट प्राप्त गर्न सकिनेछ ।

सिलबन्दी दरभाउपत्र खोल्ने, मूल्याङ्कन तथा आपूर्तिकर्ता छनौट गर्ने सम्बन्धी सम्पूर्ण अधिकार सम्बन्धित संस्थाहरुमा निहित रहनेछ ।

**अनुसूचि - १**

**धानको मुल बीउको दर भाउ तथा मुल्यसूचि**

| क्र.स. | धानको मुल बीउको जात | ईकाई | लगाईने क्षेत्रफल | आवश्यक परिमाण | प्रति ईकाई मुल्य अकंमा कर सहित | प्रति ईकाई मुल्य अक्षरमा कर सहित | कैफियत मुल बिउ |
|---|---|---|---|---|---|---|---|
| १ | सावाँ सव-१ | किलो | १२६० कठ्ठा | २५२० किलो | | | |
| २ | राधा-४ | किलो | २९८ कठ्ठा | ५९६ किलो | | | |

नाम : हस्ताक्षर : छाप : मिति :